नेपाल सरकार
**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
**(वातावरण व्यवस्थापन शाखा)**

फोन नं. ४२००३०६
फ्याक्स नं. ०१-४२००२८३
web page: www.mofald.gov.np
सिहदरबार, काठमाण्डौ ।

पत्र संख्या वा.व्य.शा.२०७३/७४

च.न: १९८

**मितिः– २०७४/१/८**

**विषय: फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षण कार्ययोजना सम्बन्धमा।**

श्री महा/उपमहा/नगरपालिका/गाउँपालिका कार्यालय (सबै)

अधिवक्ता पदमबहादुर श्रेष्ठ विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको (रिट नं. ०७३-wo-७४८) र अधिवक्ता अमिता गौतम पौडेल विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको (रिट नं. ०७३-wo-८३०) परमादेश समेतको रिट निवेदनमा भएका सम्मानित सर्वोच्च अदालतको आदेश तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको निर्देशन सम्बन्धमा मिति २०७४/१/०६ गतेका दिन यस मन्त्रालयका सचिव श्री केदार बहादुर अधिकारीज्यूको अध्यक्षतामा काठमाण्डौ महानगरपालिकासहित केहि नगरपालिकाहरुसँग बैठक/छलफल गरी संलग्न कार्ययोजना तयार गरिएकाले देहाय बमोजिम गर्नुहुन निर्णयानुसार अनुरोध गर्दछु ।

१. वातावरण प्रदुषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन सम्बन्धमा आ-आफ्नो निकायले आफ्नो क्षेत्रभित्रका लागि उपयुक्त नीति तर्जुमा गरी लागू गर्ने।
२. संलग्न कार्ययोजनामा उल्लेख भएका क्रियाकलापका अतिरिक्त अन्य क्रियाकलाप समावेश गर्नुपर्ने देखिएमा त्यस्ता क्रियाकलापहरु समेत समावेश गरी कार्ययोजना तर्जुमा गरी लागू गर्ने।
३. फोहोरमैला व्यवस्थापन ऐन, २०६८ तथा नियमावली २०७० को प्रभावकारी कार्यान्वयन गर्ने । फोहोरमैला व्यवस्थापन कार्यलाई कडाईका साथ कार्यान्वयन गर्न कानूनले तोके बमोजिमको जरिवाना सम्बन्धी व्यवस्था लागू गर्ने।

(रमिला भण्डारी)
शाखा अधिकृत

**बोधार्थ:**
श्री सूचना तथा विद्युतीय शासन शाखा, : वेबसाइटमा upload गर्नु हुन ।
सं.मा.तथा स्था.वि.म., सिंहदरबार।

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ

## फोहरमैला व्यवस्थापन तथा वातावरण संरक्षण सम्बन्धि कार्ययोजना :

| सि.नं. | क्रियाकलाप | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | सहगोगी निकाय | कार्यान्वयन अवधि | कैफियत |
|---|---|---|---|---|---|
| ७ | सडकपेटिमा रहेका/राखेका निर्माण सामग्री तत्काल हटाई सफा गर्ने/गराउने | सम्बन्धित महा/उप/नगरपालिका/गाउँपालिका | फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र | निरन्तर | |
| ८ | पैदल यात्री तथा सार्वजनिक यातायातका साधनहरुबाट उत्सर्जन हुने फोहरहरुलाई व्यवस्थित गर्न सार्वजनिक स्थलहरुमा फोहर राख्ने भाडोको व्यवस्थापन र उक्त फोहर समयमै व्यवस्थापन गर्ने | सम्बन्धित महा/उप/नगरपालिका/गाउँपालिका | फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र | निरन्तर | |
| ९ | ढुंगा, गिटी, बालुवा लगायत निर्माण समाग्री ओसार पसार गर्दा पालना गर्नुपर्ने स्वीकृत मापदण्ड कडाईका साथ कार्यान्वयन गर्ने | सम्बन्धित महा/उप/नगरपालिका/गाउँपालिका | - | निरन्तर | |
| १० | प्रत्येक महिनाको पहिलो शुक्रबार दिउँसो २-३ बजे सम्म आ-आफ्नो कम्पाउन्ड परिसर सरसफाई गर्ने | सम्बन्धित महा/उप/नगरपालिका/गाउँपालिका | - | निरन्तर | |

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ

**फोहरमैला व्यवस्थापन तथा वातावरण संरक्षण सम्बन्धि कार्ययोजना :**

| सि.नं. | क्रियाकलाप | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | सहगोगी निकाय | कार्यान्वयन अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | फोहरमैलाको नियमित संकलन व्यवस्थापन कार्य नियमित र प्रभावकारी बनाउने | सम्बन्धित महा/उप/नगरपालिका/गाउँपालिका | फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र | निरन्तर | |
| २ | नगरका सडक भत्काउने तथा सडकमा अन्य पूर्वाधार विकास गर्ने कार्यमा प्रभावकारी समन्वय गरी भत्याइएका सडक यथाशिघ्र बनाउने | निर्माण कार्यमा संलग्न निकाय/व्यक्ति | सम्बन्धित महा/उप/नगरपालिका/गाउँपालिका | निरन्तर | |
| ३ | पिच सडक भत्काईएको तथा सडक जिर्ण भएको ठाउँमा नियमित पानी राख्ने कार्य गर्ने | सडक भत्काउने निकाय | सम्बन्धित महा/उप/नगरपालिका/गाउँपालिका | निरन्तर | |
| ४ | निर्माण कार्यबाट सृजीत फोहर र माटो समयमै हटाउने | निर्माण कार्यमा संलग्न निकाय/व्यक्ति | सम्बन्धित महा/उप/नगरपालिका/गाउँपालिका | निरन्तर | |
| ५ | सार्वजनिक स्थल तथा सडकमा फोहर तथा धुलो जथाभावी फ्याक्ने कार्यलाई निरुस्साहित गर्न जनचेतना अभिबृद्धि गर्ने | सम्बन्धित महा/उप/नगरपालिका/गाउँपालिका | फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र | निरन्तर | |
| ६ | फोहरमैला व्यवस्थापन प्रभावकारी भए नभएको नियमित अनुगमन गर्ने | सम्बन्धित महा/उप/नगरपालिका/गाउँपालिका | फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र | निरन्तर | |